"पञ्ञा नरानं रतनं"

# पञ्चशील

## त्रिगुण

( पूजा )

अनुवादक तथा प्रकाशक—
भिक्षु, धर्मालोक

बुद्ध सम्वत् २५००

वैशाख पूर्णिमा ❀ बुद्ध जयन्ति

प्रथम बार २०००

मूल्य । २० पैसा

Dhamma.Digital

https://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

# पञ्चशील

## त्रिरत्न

### वन्दना-पूजा



जुन्ले सर्वत्र ठाउँमा कर्मसुधार भै सबै
जनताहरूलाई हित सुख प्राप्त हुन्छ

त्यो

यो पञ्चशील र त्रिरत्न वन्दना

हो

4262

अनुवादक —

भिक्षु, धर्मालोक

श्री वागीश्वर प्रेस, नेपाल ।

Dhamma.Digital
https://dhamma.digital

# निवेदन

जुन सुकै ठाउँमा जानलाई पनि बाटो चाहिन्छ र सो बाटो नछोडी जानु पर्छ, अनि मात्र सो ठाउँमा पुग्न सकिन्छ। त्यस्तै यो भवसंसार रूपी भमरीबाट पार भै रहेको मोक्ष अथवा निर्वाणमा पुग्नलाई पनि एउटा मार्ग (बाटो छ) त्यो हो भगवान बुद्धले आफुले चार असंख्य र एक लाख कल्प अगाडि देखी पारमिता आदि धर्म पूरागरी अन्तिम जन्ममा प्राप्त गर्नु भएको, देशना गर्नु भएको, मज्झिमा प्रतिपदा चतुरार्य्य सत्य, आर्य्य अष्टांगिक मार्ग त्यस मार्गको सर्व प्रथम खुडकिलो हो त्रिशरण सहित पञ्चशील। हामिले सोही पञ्चशीलको आधारमा प्रयत्न गरी उक्लन सकेको खण्डमा अवश्यमेव एक दिन न एक दिन दुःखले रहित भै रहेको मोक्ष अथवा निर्वाणलाई प्राप्त गर्न सक्नेछ। किनभने-पञ्चशील लाई शुद्ध रूपले पालन गरेको खण्डमा दुर्गतिको दश कारण भै रहेको दश अकुशल कर्म, जुनकि कायिक दुराचार – प्राणि हिंसा गर्ने १, चोरी २, कामको वशमा परी मिथ्या आचार गर्ने ३, त्यस्तै वाचिक दुराचार— झूठ बोल्ने १, चुक्लि लगाउने २, अरूको हृदयमा चोट पर्ने बोलि बोल्ने ३, व्यर्थको बकवाद गर्ने ४ र मानसिक दुराचार— (अभिज्झा) अर्काको सम्पत्तिमा लोभ लाग्ने १, व्यापाद = अर्काको सम्पत्तिमा डाह हुने २, मिथ्यादृष्टि = कर्म र कर्म फलको यथार्थ विश्वास नहुने ३ समेत् जम्मा दश ओटा अकुशल कर्म छन्। यी दस अकुशल कर्म सजिलैसंग रोक्न सक्ने हुनाले सो पञ्चशीलको फलले दुर्गतिबाट बचाई सुगति स्वर्ग लोकमा सुख भोगको फल प्राप्त गराउँछ। साथै शीलबाट समाधि समाधिबाट प्रज्ञा प्राप्त भै विरज विमल भै रहेको निर्वाणलाई

https://dhamma.digital

साक्षात्कार गर्न सक्नेछ । त्यसकारण संसारिक दुःख छुटाई मुक्ति हुन चाहन्छौ भने शुद्ध रूपले पञ्चशील पालन गर्नु पर्छ ।

अब यो पुस्तकमा भगवान बुद्धले ज्ञान प्राप्त गर्नु भै सर्व प्रथम देशना गर्नु भएको धर्म चक्र सूत्रको भावार्थ पनि राखी पञ्चशील पालनबाट हुने फाइदाहरूको वर्णन पञ्चशील पालन गर्नु पर्ने कारण र पञ्चशील प्रार्थना गर्ने विधि समेत छोटकरीमा लेखेकोछु । साथै मार्ग (बाटो) नभूलोस भन्नाको निम्ति त्रिशरण ( बुद्ध शरण, धर्म शरण, संघ शरण ) को पनि संक्षिप्त वर्णनगरेको छु किन भनेः—

वहुवे सरणं यान्ति, पब्बतानि वनानिच ।
आराम रुक्ख चेत्यानि, मनुस्सा भयतज्जिता ॥
नेतंखो सरणं खेमं, नेतं सरण मुत्तमं ।
नेतं सरण मा गम्म, सब्ब दुक्खा पमुच्चति ॥

अर्थ– धेरै जसो अन्धविश्वासि मानिसहरू मिथ्या दृष्टिमा परी, भयले गर्दा पर्वतमा, बनमा, उद्यानमा, रूखमा, चैत्य आदि अनेक देवस्थानमा शरण गर्दै रहेछ ।

परन्तु त्यो शरण सर्वोत्तम शरण होईन, त्यस्तो ठाउँमा शरण गएर सम्पूर्ण दुःख बाट मुक्त हुने होईन ।

त्यसकारण शरण मध्यम उत्तम भै रहेको सम्पूर्ण दुःख बाट छुटकारा पाउने भएको त्रिशरणलाई राम्रोसंग ध्यान पूर्वक बिचार गरी ग्रहण गरी सोहि त्रिशरण आधार लिएको खण्डमा अवश्यमेव मार्ग ( बाटो ) नभुली दुःखले रहित भै रहको निर्वाण प्राप्त गर्न सक्नेछ ।

— लेखक

https://dhamma.digital

# जगन्नेता बुद्ध

भगवान बुद्धलाई सम्झँदा खेरी हृदयमा मानवता उम्केर आउँछ, बेहोस भै आइ रहने दानवता पनि निभेर जान्छ। वहाँको शान्तिमा त्यस्तो शक्ति विद्यमान छ कि हेर्दैमा पनि वहाँको शान्ति प्रवृति हामिहरूको हृदयमा तों सिन जान्छ, त्यसकारण भन्न सकिन्छ वहाँको मुर्तिले हामिहरूको हृदयलाई शान्तिको तस्वीर खिच्न क्यामरा तुल्याउँछ। त्यसकारण शान्तिको सच्चाप्रेमीहरूले वहाँको तस्वीर राख्नु असल देखी। एउटा अतिक्रूर दानवले पनि दिनको एक पटक भएपनि वहाँको तस्वीर हेर्‍यो भने चाँडै नै उसको हृदय परिवर्तन भई दयाले पूर्ण भयेको मानिस हुनसक्छ भन्ने मलाई विश्वास छ। त्यत्तिको शान्तिले भरेको मूर्ति संसारमा कसैको भएको देखिंदैन।

गौतम बुद्ध भन्दा अगाडि पनि हृदयपुष्प प्रफुल्लित हुने धेरै मानिस छन्, हृदयमा मानवता अड्ने मानीस नभएको होइन, एउटा परेवाको प्राणरक्षाको निम्ति आफ्नो हाड सम्म दानगर्ने शिबि अनि दधीचि ऋषि, यस्ता दयावान पनि संसारमा छन्। तर पनि दृष्टिगत व्यक्ति अथवा समष्टि सम्म मात्र भनेझैं सीमित भन्न सक्छन्। आफुले देखेको र आफ्नो अगाडि भएको दयार्द्र घटना परिस्थिति दशा आदिमा मात्रै उनिहरूको दया वा मानवता व्यञ्जित भएको छ। कसैले अन्यायगरी रहेको अदालतले देखेतापनि बुझेता पनि उजूरी नआए, नदिए सम्म मुद्दामा हातनहाले झैं उनिहरूको दया र मानवताले व्यापक आन्दोलन गरी जागृतिक अर्पित गरेको देखिंदैन। आफुले देखेको जीवको दुःखकष्ट सीमित

https://dhamma.digital

हैन व्यापक भई यसैले संसार ढाकी रहेकोछ भन्ने आफुले देखेको जानेको अनुभवले वैज्ञानिक र विश्लेषणात्मक विचार गरी मानवताको संसार व्यापि थपिल र आन्दोलन गर्ने प्रथम मानव गौतम बुद्ध नै मात्र हो। मानवता को दृष्टिले मानवताको जागरुक र प्रचारक को हिसापमा बुद्धलाई आदि मानव पनि भन्न सक्छन्।

संसारमा मानववाद र साम्यवाद व्यापकरूपमा आन्दोलन गरी प्रथम उथल-पुथल ल्याउने प्रथमनेता पनि गौतम बुद्ध नै हुन्। सनातनिहरूको सामन्ति यज्ञयाज्ञादि र स्वार्थ निहित वैदिक र ब्राह्मण वादको घोर विरोधगरी जगतमा दुख अतम गर्न लाई बुद्धले 'वहुजनहिताय वहुजन सुखाय' भाव स्थापन गर्नु भो। आजको काल मार्क्सको साम्यवाद बुद्धको साम्यभावको स्पष्ट भूमिका अथवा बुद्धको साम्यभाव मार्क्सको साम्यवादको रेखा चित्र होभने पनि हुन्छ। यद्यपि मार्क्सको साम्यवाद आर्थिक नीतिको आधारमा खडा भएको हुनाले समाज व्यवहार र व्यवस्थामा सारै नै उपयोगी र समस्या समाधानक भएको छ, तर बुद्धको साम्यभाव वाद र मानववाद त्यत्तिको आर्थिक आन्दोलनमा नघुसेतापनि त्यसको पनि ध्येय र उदेश्यत त्यही हो। बुद्धको साम्यभाव वाद आर्थिक आन्दोलने स्पर्श नगरेको कारण योपनि होकि आज भोलिको युग सर्वाविद् जस्तै उसबेलामा राजनीतिक युग र अति आर्थिक समस्या मूलक भएको थिएन। उसबखतमा धार्मिक र वर्णात्रय युग भएको हुनाले त्यसबाट शोषण र उत्पीडन हुने स्थितिलाई भाव लियेर बुद्धको साम्यभाव वादले आन्दोलन गरेको देखिन गयो।

https://dhamma.digital

साँच्चै भन्नपर्‍यो भने अन्तराष्ट्रिय दृष्टिकोणले हेर्दाखेरी हामि हरूकहाँ मात्र होइन भारतसम्ममा पनि बुद्ध भन्दा ठूलो मानिस अरू छैन । अरू एसिया र संसारभर सम्ममा पनि वहाँको जोडा मानिस छैन भन्न सक्छन् । आज संसारको आधि भाग भनेजस्तै वहाँको सिद्धान्त वा मत शिरोधार्य भै रहेको छ । उत्ति आजसम्म कोइ नेता वा माहात्माको सिद्धान्त पनि प्रचार भएको थिएन । इतिहासको दृष्टीले हेर्दा खास मान्यता प्राप्तभयको अर्थात् कसैले होइन भन्न नसक्केको भारतिय ऐतिहासिक खुडकिलो शुरू भएको पनि बुद्ध देखिनै हो । आधुनिक ढंगमा प्रेरणा मूलक भै आइरहे को संगठन सभा संस्था सभाषणको शुरूरनि शायद बुद्धले नै गरेको हुनु सक्छ । भारतमा सभ्यता, संस्कृति कला इत्यादि ऐतिहासिक नाक रहेको ( इज्जत भै रहेका ) काल पनि बुद्ध अर्थात् बौद्धकाल नै हुन् । सम्सारमा अन्तराष्ट्रिय मानिस हुनेपनि शायद बुद्धनै हुनसक्छ । अधि पूर्व पश्चिम सबैले चिन्ने मानिस अरू छैन जस्तो लाग्छ ।

बुद्धको सिद्धान्त व्यावहारिक, सामाजिक मात्र होइन, दार्शनिक पनि पूरा भएको छ । भारतिय दर्शनमा बुद्धको दर्शन अत्यन्त नै उर्ध्वगामि भएको छ । बुद्धलाई कसैले निवृति मार्गको एकमहान् साधुमात्र हो भनेदेखी सारै नै अन्याय कुरा हो । किन भने उहाँले गरी आएको कार्यको सिलसिला वा कार्यक्रम बाट नै देखिन्छ;कि बुद्धले गृहस्थ सन्सारलाई;नै सुधार गर्ने चेष्टा गर्नु भएको हो । त्यस बखतमा प्रवृति मार्गको क्यै मात्रा बढि भएकोले वहाँको बादमा निवृति तत्वको गुञ्जायस बढि हुन गएको मात्र हो । बुद्धको सिद्धान्तमा तात्विक रूपले हेर्दा गार्हस्थ उदा-

https://dhamma.digital

सीनता होइन कि लोभ मोह मात्सर्य्य आदिको उदासीनता मात्र भएको देखें। त्यसकारण बुद्धलाई जगत नेता होइन, वैरागी मात्र हो भनि सर्वथा भन्न सक्दैन। मनमा कपट नराखी भने देखी आज मोती राजनैतिक र सामाजिक रूपमा क्रान्ति र आन्दोलन भै रहेकोलाई राम्रोरि फुटेर प्रकट हुन नसकी रहेको वहाँके कदमको संशोधित, परिवर्धित र परिमार्जित स्पष्ट संस्करणले हो भनेपनि अत्युक्ति हुँदैन।

बुद्धले शिक्षा संगठनको प्रारम्भ नगरेको भए आज भारत वर्ष सन्सारको अफ यत्तिपनि अगाडि सर्ने थिएन। वहाँको 'नालन्दा विश्वविद्यालय' र बौद्ध विहारको बालकहरू आज भारतको शिक्षालय हो। वहाँको शिक्षा क्रान्तिकारी मात्र होइन वहाँको सारा विचार लोकभाषामा प्रकट भएकोले सर्वसाधारण जनतामा राम्रोसंग पुक्क गयो। त्यसबाट पनि बुद्ध चाँडै सफल भयो। बुद्धले मानिसहरूलाई विचार स्वतन्त्रतामा यत्तिको प्रोत्साहन दिएको छ कि उत्ति पहिले सन्सारमा कोहि विचारक गुरु महानुभाव नेताले पनि दिएको होवोइन, गुरु नेताको विचारमा संकासम्म पनि गर्न हुँदैन भनेजस्तो बखतमा बुद्धले यहाँ सम्म पनि भनेको छ कि— "मेरो नै विचारलाई पनि आँखा चिम्ली नसुन समर्थन गर। आफुले देखेको असल विचारमा परख हेर, अनि मात्र सन्सारको प्रगति हुनसक्छ"।

अस्तु। यो सन्सारको महान् त्यो हाम्रो प्राण बुद्धलाई हृदयको अन्तस्करणैदेखी प्रणाम गरी मैले वहाँको लघु स्मरण लेख समाप्त गरें।

अनुवादक— धर्मरत्न शाक्य.

https://dhamma.digital

# विषय सूची


| विषय | पृष्ट |
|---|---|
| १ क्षमा प्रार्थना | १ |
| २ पञ्चाङ्ग शील प्रार्थना | |
| ३ त्रि शरण जाने | २ |
| ४ पञ्चशील | |
| ५ पञ्चशीलको अर्थ | ३ |
| ६ पञ्च सुशील र दुशील फलको संक्षिप्त वर्णन | ४ |
| ७ सम्यक दृष्टि हुनेहरू | ८ |
| ८ १४ प्रकारको दान | ११ |
| ९ दानको फल | १२ |
| १० ७ संघको विषयमा दान | १२ |
| ११ दान दक्षिणा दिनु लिनुको शुद्ध अशुद्ध दुइटैको फल | १४ |
| १२ धर्म पालन | १५ |
| १ बुद्ध वन्दना | १७ |
| २ धर्म वन्दना | १८ |
| ३ संघ वन्दना | २१ |
| ४ नीर पूजा ५ पुष्प पूजा | २३ |
| ६ धूप पुजा, ७ प्रदीप पूजा, ८ भोजन पुजा | २४ |
| ९ व्यञ्जन पूजा, १० फल मूल पूजा, ११ त्रि चैत्य वन्दना | २५ |
| १२ क्षमा याचना, १३ प्रार्थना | २६ |
| १४ ज्ञातिहरूलाई पुण्यदान | २८ |
| १५ धर्म चक्र प्रवर्तन | २९ |


Dhamma.Digital

https://dhamma.digital

# पञ्चशील प्रार्थना गर्ने विधि

## क्षमा प्रार्थना :—

ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते !

अर्थ— अवकास पाउँ भन्ते ! मैले काय, वाक, चित्त द्वारा गरी राखेको सम्पूर्ण अपराध क्षमागरी बक्सनु होस् ।

( तीन पटक भन्ने )

भिक्षुले आशीर्वाद दिए पछि साधु साधु साधु भनि प्रणाम गर्ने ।

## पञ्चाङ्ग शील प्रार्थना :—

अहं भन्ते ! तिसरेणसह पञ्चसीलं धम्मं याचामि, अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ! दुतीयम्पि ... । ततीयम्पि... ।

अर्थ— भन्ते ! मैले त्रिशरण सहित पञ्चशील धर्मलाई प्रार्थना गर्दै । कृपाराखी मलाई शील दिनु होस् । दुतीय बार... । तृतीय बार... ।

भिक्षुले भन्नु हुन्छ :—

यमहं वदामि तं वदेथ ।

अर्थ— मैले जसो भन्यो उसै भन ।

https://dhamma.digital

" शील प्रार्थना गर्नेले
आम भन्ते ।
इवस् भन्नु पर्छ " ।

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

अर्थ— उनि भगवान् अर्हत सम्यक्सम्बुद्धलाई नमस्कार ।

( तीनबार भन्नु )

## त्रि शरण जाने :–

बुद्धं शरणं गच्छामि । धम्मं शरणं गच्छामि ।
संघं शरणं गच्छामि । दुतीयम्पि... । ततीयम्पि... ।

अर्थ— म बुद्धको शरण जान्छु । म धर्मको शरण जान्छु । म संघको शरण जान्छु । दुतीय बार...। तृतीय बार...।

Dhamma.Digital

## पञ्चशील :–

( १ ) पाणातिपाता वेरमणि सिक्खापदं समादियामि ।
( २ ) अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि ।
( ३ ) कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि।
( ४ ) मुसावादा वेरमणि सिक्खापदं समादियामि ।
( ५ ) सुरामेरय–मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि ।

https://dhamma.digital

# पञ्चशीलको अर्थ :–

(१) मैले प्राणिहरूलाई हिंसा गर्नु बाट रहित भै बस्छु भन्ने शिक्षा धारण गर्छु ।

(२) मैले अर्काको चीज लोभ चित्तले आफैले हातहाली लिंदैन भन्ने शिक्षा धारण गर्छु ।

(३) मैले आफ्नो विवाहिता स्त्री वा पुरुष छोडी अरू स्त्री वा पुरुषसंग गमन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

(४) मैले असत्य झूठ वचन बोल्दिन भन्ने शिक्षा धारण गर्छु ।

(५) मैले रक्सी, जाँड, गाँजा, अफीम आदि बेहोस (प्रमाद) हुने चीज सेवन गर्दिन भन्ने शिक्षा धारण गर्छु ।

अन्तमा भिक्षुले भन्छ :—

तिसरणेनसह पञ्चसील धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।

अर्थ— त्रि शरणले सहित यो पञ्चशील धर्मलाई राम्रोसंग सुरक्षित गरी अप्रमादि भै पालन गर्नु ।

"शील प्रार्थना गर्नेले

आम भन्ते ।

हवस् भन्ते ! भन्नु" ।

पञ्चशील प्रार्थना गर्ने विधि समाप्त भयो ।

https://dhamma.digital

# अब पञ्चसुशील र दुशील फलको संक्षिप्त वर्णन

पञ्चशीलको अर्थ नै पाँच नियमलाई पालन गर्नु हो ।

( १ ) पाणातिपात— हिंसादि कर्म नगर्ने ।

( २ ) अदिन्नादान– केहि चीजपनि कसैको हातहाली नलिने ।

( ३ ) कामेसु मिच्छाचार— पर स्त्री पर पुरुष नभज्ने ।

( ४ ) मुसावाद— झूठ नबोल्ने ।

( ५ ) सुरामेरय— रक्सी, जाँड, गाँजा, अफीम आदि माद-क पदार्थ सेवन नगर्ने ।

यो पाँच नियमलाई जस्ले रात दिन विचार गरी मनमा राखी धर्म सम्झी यो पाँच शिक्षालाई पालन गरी जन्म बिताउँदै जान्छ, त्यस मानिस सुगति स्वर्गलोकमा सिवाय दुर्गति नरक, तिर्यक, प्रेत, असुर योनिमा कहिल्यै जन्म हुँदैन भनि जान्नु ।

संसारमा अनेक प्रकारका धर्महरूछन्, कुनै कुनै पण्डित हरूले यस्तोपनि धर्म भनि बताएका छन्‌किः– पञ्चबलि पूजाभनि, हाँस, कुखुरा, बोका, राँगा इत्यादि पाँच ओटा प्राणिहरू लाई कुनै देवता अथवा देवीहरू कहाँ लगी उनिहरूलाई हत्यागरी उनिहरूलाई तार्ने १, फेरि पुण्य कर्म गर्नलाई भए चोरेर ल्याएपनि पापछैन २, फेरि स्त्री र पुरुष दुवैको इच्छा अथवा मनपरेको भए व्यभिचार गरेपनि पापछैन ३, फेरि कुनै व्यक्तिको उपकारको निम्ति झूठ बोलेपनि पापछैन ४, फेरि

https://dhamma.digital

रक्सी, आँड जस्तो मादक पदार्थ लाई पनि अमृत महा प्रसाद तुल्याई खाएको केही पापछैन, बरु यो महाप्रसाद लाई निन्दा गऱ्यो भने पञ्चमहा पाप लाग्छ भन्ने आदिपनि धर्मभनि बताएका छन्। तर भगवान् बुद्धको धर्ममा यस्तो कुरालाई कहिल्यै पनि मान्यता दिएको छैन।

अब याहाँ बिचारणीय कुरा के भनेः–

( १ ) प्राणातिपात– प्राणिको उपरमा हिंसा ( घातक ) कर्म नगर्ने लाई योलोक र परलोक दुवै लोकमा हित सुखहुने दृष्टान्त देखिन्छः—

पशुपंछि माऱ्यो भने दण्ड सजाँय छैन भन्छन्, मार्ने काममा मर्ने ईच्छा हुने कोई पनि हुने होइन, मर्ने ईच्छा नभै कन पनि मारेको पाप कटाउने भनि देब देबी कहाँ भोग दिएको धर्म भनि मार्दा खेरी त्यो प्राणिलाई कष्ट पीडा नभए ता त्यस्तै होला, होइन भने त्यो मार्नेलाई मार्दा खेरी त्यस मानिसलाई दुःख हुन्छकि हुदैन ? त्यसलाई नदुःखे मात्र पशुपन्छि हरूलाई पनि दुःख, कष्ट, पीडा हुंदैन भन्न सक्ला। आफुलाई पीडा भएपछि प्राणिलाई मार्दा पाप हुदैन भन्दा योकुरा कसोरी हुन सक्ला ? राजाले दण्ड सजाँए गरेपनि नगरेपनि न्याय अन्यायको फल दिइरहने नवग्रहहरूले परलोकमा भनेपनि यही लोकमा जन्म कुण्डलमा बसी त्यस्को फल नदिई छोडने होइन।

( २ ) अदिन्नादान– अर्काको वस्तु केही नदीकन आफैंले नलियो भने योलोक परलोक दुबै ठाउँमा हित सुख हुने दृष्टान्त देखिन्छ।

https://dhamma.digital

यदि कसैको धन, बस्तु, सम्पति चोरी अथवा जबरजस्तिसंग डाँटि डरदेखाई लियोभने सर्कारले दण्ड सजाय दी हाल्छ, यदि सर्कारको आँखा छली चोऱ्यो जबरजस्ती लियो भने पनि न्याय अन्यायको फल दी रहने नवग्रहहरुले नदेखने गरी कसैले लिन सक्ने होइन। लियो भने परलोक भने पनि यही लोकमा जन्म-कुण्डलमा बस्ने नवग्रह हरूले दरिद्र हुने फल नदिई छोडने होइन।

(३) कामेसु मिच्छाचार– परस्त्री परपुरुष भजेर नहिंड्-नाले योलोक परलोक दुवै ठाँउमा हित सुख हुने दृष्टांत देखिन्छ।

यदि आफनो स्त्री छोडी वा आफ्नो पुरुष छोडी अरूभजेर हिं ड्यो भने योलोकमा सर्कारले सजाँय गराउँछ, यदि कसैले नदेखने गरी व्यभिचार कर्मगरी हिंड्यो भनेपनि न्याय अन्यायको फल दीं रहने नवग्रह हरूले नदेखने गरी कसैले गर्न सक्ने होइन गऱ्यो भने त्यसको फल योलोकमा पनि हीन कुलभै परलोकमा पनि हीन कुलमानै जान्छ र सन्तान दरसन्तान हीन कुलमा परी रहन्छ।

(४) मुसावाद– झूठकुरा कहिल्यै नबोले योलोक परलोक दुवै ठाँउमा हित सुख हुने दृष्टान्त देखिन्छ।

यदि झूठकुरा बोली हिंड्यो भने झकरामै दण्ड सजाँय भोगी लोकमा झनत्यार भै जान्छ, यदि त्यो झूठकुरालाई लोकमा छोपि राख्न सके पनि जन्म कुण्डलमा बसी न्याय अन्यायको फल दी रहने नवग्रहहरूको उपरमा छोपी राख्न सक्ने होइन याहाँ पनि उहाँ पनि त्यसको फल दिंदै रहन्छ।

https://dhamma.digital

(५) सुरामेरय– रक्सी, जाँड, गाँजा, अफीम आदि अमल लाग्ने चीज कहिल्यै सेवन नगरे यो लोक परलोक दुवै ठाउँमा हित सुख हुने दृष्टान्त देखिन्छ ।

अमल भनेको नै जति जति सेवन गर्‍यो उति उति सेवन गर्नु पर्ने, सेवन नगरी वस्नै नसक्ने भै आउने, धेरै भएपछि थाम्नै नसक्ने, स्मृति लोप हुने, थाम्न नसके पछि त्यसले पञ्च महापाप गर्नलाई समेत् सूरा भै आउने, त्यो अम्मल पिएर गरेको पाप अम्मलले लान्छ ? पिउनेले नै यो लोक परलोक दुवै ठाउँमा भोग गर्नु पर्छ ।

त्यसकारण मनुष्य जन्ममा यो जान्नु पर्‍योकि :—

पञ्च दुशील भनेको पाप दुःख हुने कारण त्यही प्राणिघात– प्राणि मार्ने १, अदिन्नादान– अर्काको चीज नदिए पनि चोरी अवर्जस्ति गरी ढाँटि लिने २, अर्काको स्त्री अर्काको पुरुषहरू संग व्यभिचार गरी हिड्ने ३, झूठ बोली हिड्ने, चुक्लि गरी हिड्ने, अर्काको हृदयमा चोट पर्ने गरी गालि गर्ने, व्यर्थको बकबाद गर्ने ४, चैतन्यलाई बेहोस तुल्याउने रक्सी, जाँड, गाँजा, अफीम आदि मात्तिने नसा खाएर हिड्ने ५ ।

यस्तो पाँच थोटा पाप गरी हिड्ने हरूलाईमात्र योलोक मा सर्कारले उनिहरुलाई दण्ड सजाँए दिनालाई ठाना, जेल बनाई जेल आदि राखी दण्ड सजाँय दी रहेको हो ।

फेरि सोहि पाँच थोटा पाप गर्ने लाई नै परलोक भन्ने अन्त जन्म ग्रहणगर्ने ठाउँमा पनि ग्रहगति कुण्डलमा बसी त्यसको फल भोग दिदै गर्ने हो।

https://dhamma.digital

## कसो भने :—

धनी, गरीप, सुखी, दुःखी, मानी, अपमानी, रोगी, निरोगी, हीनकुल, उत्तमकुल, मालीक, दासी, देव, मनुष्य, तिर्यक, बुद्धिमानि, निर्बुद्धि, अभिमानि, शान्ति, हिंसक, अहिंसक, साधु, असाधु आदि नाना प्रकारको फल भोगगर्न आई रहेको सारा लोकनै यो कर्माकर्मको फलमा भै आई रहेको हो, यो लोकमा त्यसकारण कुशल कर्म र अकुशल कर्म दुई लेनै संसारमा सुख दुःख हुने भै रहेको हो।

## ( सम्यक् दृष्टि हुनेहरूको दृष्टिकोणमा )

पञ्च दुशीलमा रत भएर भ्रमण गर्ने दुःख । पञ्च शीलमा रत भएर भ्रमण गर्ने सुख । सुख दुःख दुवैलाई छोडी जानु मोक्ष निर्वाण हो । अब यसमा बिचारणीय कुरा के भने बौद्ध धर्ममा यही पाँच शिक्षा प्रधानता भएको र धर्म पालन गर्नु लाई अरू अरू धर्ममा जस्तो कुनै जातीय, वर्गीय प्रतिबन्ध नभएको हुनाले नै आज बौद्ध धर्म विश्व धर्म भै रहेकोछ । आज बौद्ध धर्म नै मानव धर्म हो भन्ने सारा बिद्वानहरूले विश्वास गरी ग्रहण गरी रहेको छ ।

सम्राट् अशोकले जबसम्म बौद्धधर्म लाई ग्रहण गरेको थिएन, त्यस बखत उनको स्वभाव कस्तो थियो ? हुनत त्यस बखतमा पनि उनि धर्मान्ध थिएन, हजारौं तिर्थिक हरूलाई दिनप्रति दिन दान प्रदान गर्दै रहन्थे । तापनि यही पञ्चशीलको ज्ञान नभएको हुनाले त्यस बेला उनको स्वभाव बडो डर

https://dhamma.digital

लाग्दो थियो। त्यहि स्वभाव र उनको नीर्दयी कामले गर्दा उनको नाउँ नै चण्डाशोक रह्यो। जब उनको हृदयमा बौद्ध धर्मको प्रभाव पर्‍यो यही पञ्चशीलको महानतालाई देखी त्यस लाई ग्रहण गर्‍यो गरायो त्यसदिन देखी उनको स्वभाव र नीतिमा बिल्कुल फरक देखियो र उनको नाउँ नै धर्माशोक रह्यो। आजसम्म पनि सारा बिश्वमा सम्राट् अशोकको नाँउ प्रचलित छन् यो सबैलाई बिदितै छ। हिन्दुस्थानमा पनि आज इतिहासको खानी बाट सम्राट् अशोकको नीति नै सर्वोत्तम ठहरी सारा भारतको राजगद्दीमा समेत् उनकै स्तम्भको चिह्न भएको झण्डा फहराउँदैछ। उनको नीतिलाई अपनाउँदैछ। के पञ्चशील धर्म लाई पालन नगरेको भए आज उनको यत्रो सन्मान कसैले गर्ला? उनको नीतिलाई अपनाउँला? ।

बिश्वमा साधारण मानिसदेखी लिएर ठूला ठूला सेँठ, राजा, महाराजा, सम्राट् चक्रबर्ति जुनसुकै किन नहोस् यो पञ्चशील धर्मलाई पालन गरेर मात्र ठूला ठूला ऐश्वर्यशाली भएका हुन् र शान्तपूर्बक जीवन ब्यतीत गरी रहेका हुन्। यदि पञ्चशील धर्म लाई पालन नगरेको खण्डमा चक्रबर्ति राजाभएपनि अवश्य दुर्गतिमा पनतहुनु पर्ने छ। राम्रोसंग बिचार गर्‍योभने राज्यमा राजास्थापना गर्नुपर्नेनै यही पञ्चदुशील कर्म हुन नपाओस् भन्नाको निम्तिहो। त्यस्कारण मानिसले आफ्नो जीबन लाई आदि मध्य अन्त्य कल्याण गर्न चाहन्छ भने, सर्कारी कुण्ड बाट बच्ने ईच्छा छभने, नबग्रहको दोषबाट मुक्त हुन चाहन्छन भने, यही पञ्चशील धर्म लाई शुद्धरूपले पालन गर्नु पर्छ।

फेरि संसारमा दुःख हुने फल भोग कसैले लिने होईन, सुख

https://dhamma.digital

हुने फलभोग जुनसुकैले पनि हर्ष पूर्वक ग्रहण गर्छ र लिने दिने दुवैलाई फाईदा दिने हुन्छ ।

अब दृष्टान्त देखिएको दुशीलमै पञ्चशील बिगारी कसैको छोरा, छोरीले अरू कसैलाई मारी हिंड्यो, अर्काको सम्पत्ति चोरी हिंड्यो, अर्काको छोरा छोरी उपर ब्यभिचार गर्‍यो, झूठ बोली हिंड्यो वा रक्सी जाँड खाएर मात्तिएर हिंड्यो भने उनका आमा बाबुहरूले यसलाई हामिले जन्माई खुवाई पिलाई पोषी पाली राखेको भनि भन्दा त्यो बालक आमा बाबुको हुन सक्ला ? सर्कारले लगेर गर्नु पर्ने दण्डगरी हाल्छ । त्यस्तै योलोक छोडी परलोक भन्ने अन्तजन्म हुन जाँदा त्याहाँ आफुले गरी राखेको कर्म बिपाकको फल भोग गर्नु पर्ने भोग गराउने ग्रहगति नक्षत्रादि कुण्डलमा बसी यहाँ जन्म भै भोग भुक्तमान गरी रहे कोलाई नै लोक भनि भनेको हो । यो दुःख हुनेफल कसैले लेला ? कसैले लिंदैन । त्यस्कारण लोकमा पञ्चशील समाती दुशील छोडी जन्म बिताउने उपायनै धर्महो र पञ्चशील बिगाडी रहनुनै पापहो ।

त्रिरत्न ( बुद्ध, धर्म, संघ ) लाई पूजा गर्नु नै पञ्चशील पालन गरी काय, वाक, चित्तले गर्ने दश अकुशल पाप छोडी मात्र बनी भगवानको पूजाहुने हो । यो पाप छोडी काय वाक चित्त शुद्धगरी त्रिरत्नको शरण गए मात्र तथागत सम्यकसम्बुद्धको ज्ञान चाँडै प्राप्त हुन सक्तछ । पञ्चशील नभएको पूजा बिधिले अबिद्या, अन्धकार मात्र प्राप्त हुन्छ, निर्माणको कुरा त कहाँ पाउने ।

पञ्चशील भनेको करवो भने पहिले निर्वाण प्राप्त गर्ने मार्गको

https://dhamma.digital

पहिलो खुड्किलो अर्थात् भरेङ् हो। पञ्चशील शुद्धरूपले पालन गरी रहेको फलको महिमा कहाँ सम्म पुगेको देख्न सक्छ भने १४ प्रकार को पुण्य कार्य भै गएको देखिन्छ।

(महा पुरुष) महाँ पुरुषहरूको निम्ति दिएको अन्न पान वस्त्र दान दक्षिणा धर्ममा मद्दत भै जाने हो। तर यसैबाट रत्न नै हुने होइन। बरु यसको आधारमा पञ्चशीलादि शुद्धगरी पालन गरी रहेको पुण्यको महिमा कसो भने:- तिर्यक योनीदेखी सहाय भै माथि गई तथागत सम्यक्सम्बुद्ध सम्म हुने कार्यलाई समेत दान त्याग गरेको भै रहेको यो पञ्चशीलको फल कसो भने:-

(१) तिर्यक योनी पशु, पक्षि, किरा, फट्यांग्रा इत्यादि प्राणि हरूलाई। (२) दुशील पृथक्जन हरूलाई। (३) शील नेममा बसी पृथक जन भै रहेको अर्थात् (श्रोतापन्न) नभए सम्मको कार्यमा। (४) आफु बसेको देश ग्राम बाट बाहिर वीतराग भै रहने कार्यमा। (५) श्रोतापत्ति मार्ग प्राप्त गर्ने कार्यमा। (६) श्रोतापत्तिफल प्राप्त भै जाने कार्यमा। (७) सकृदागामि मार्ग प्राप्त गर्ने कार्यमा। (८) सकृदागामि फल प्राप्त भै जाने कार्यमा। (९) अनागामि मार्ग प्राप्त गर्ने कार्यमा। (१०) अनागामि फल प्राप्त भै जाने कार्यमा। (११) अर्हत् मार्ग प्राप्त गर्ने कार्यमा। (१२) अर्हत् फल प्राप्त भै जाने कार्यमा। (१३) प्रत्येक बुद्ध भै जाने कार्यमा र (१४) तथागत अर्हत् सम्यक सम्बुद्ध सम्म हुने कार्यमा समेत् दान दक्षिणा त्याग गरेको हुने भै जाने। यो पञ्चशीलको फल हो।

यो पञ्चशील शुद्धरूपले कहिंबाट पनि यो शीललाई सम्यक्

https://dhamma.digital

रूपले हानी नोक्सानी नपारीकन रक्षा पालन गरी गएमा कायले गर्ने पाप, वाक्यले गर्ने पाप, चित्तले गर्ने पाप सबैबाट बची त्रिरत्नको शरण पूरा भै तथागत अर्हत् सम्यक्सम्बुद्धको ज्ञान नजीक प्राप्त भै आउने हो ।

फेरि दुशील दुराग्रह पापात्मा दुराचार आदि कुकर्म देखी अलग्ग भै शुभ कल्याणकारि भै आउने हो । यो कुरा विस्तार पूर्वक हेरी विचार गरी हो होइन बिवेक राखी ल्याउँदा पञ्चशील ले कुनैलाइ पनि रक्षा नहोला भन्ने छैन ।

फेरि जस्तोसुकै धर्ममा पनि पञ्चशील विना धर्म हुनै सक्दैन एक फेरा राम्रोसंग हेर्नु होस् । दान दक्षिणाको फलनै सुगति प्राप्त हुने सिवाय दुर्गति प्राप्त हुने होइन ।

दानं विभुषणं लोके दानं दुर्गति निवारणम् ।
दाणं स्वर्गस्य सोपानं दान शान्तिकरं शुभम् ॥

दान जस्तो राम्रो गहना अरू केहि छैन । दानैले दुर्गति दुःख हुने गति नास भै जान्छ । दानैले सुगति स्वर्ग पुऱ्याउँछ । दानैले शक्ति र शुभ गराउँछ ।

तसर्थ दान शील भावनाको महत्त्व कस्तो भने तिर्यक योनी देखी तथागत अर्हत् सम्यक्सम्बुद्ध हुने कार्य सम्मलाई पनि उपकार भै रहेको भनी बुझ्नु पर्छ । जस्तै— तिर्यक योनीलाई सय पटक दान दिनु भन्दा दुशील पृथक्जन मनुष्यलाई दिएको दान को फल हजार गुणा बढिया हुन्छ ।

त्यसभन्दा शीलवान् पृथक्जन मनुष्यलाई दिएको दानको

https://dhamma.digital

फल सय हज्जार करोड प्रमाणले वृद्धि छ ।

त्यसभन्दा श्रोतापत्ति फल प्राप्त गर्ने इच्छा गरी हिंड्ने मनुष्यलाई दान दिएको फल असंख्य अनगिन्ति प्रमाण वृद्धि छ ।

फेरि श्रोतापन्न फल, सकृदागामि फल, अनागामि फल, अर्हत् फल प्राप्त भै सकेको भिक्षुलाई । त्यस्तै प्रत्येक बुद्ध र तथागत सम्यकसम्बुद्धलाई समेत् दान दक्षिणा दिएको भै जाने यो पञ्चशील हो भनी यो पञ्चशीलको महिमा बुझ्नु पर्छ ।

फेरि पञ्चशील पालन गरी रहेको पुण्यले निम्न सात थोटा संघको विषयमा पनि दान दक्षिणा दिएको हुने हो ।

(१) पैल्हे बुद्ध प्रमुख भिक्षु, भिक्षुणी सहित तीनै संघलाई ।
(२) तथागत परिनिर्वाण भै सकेपछि भिक्षु र भिक्षुणी दुवै संघलाई ।
(३) भिक्षु संघलाई मात्र ।
(४) भिक्षुणी संघलाई मात्र ।
(५) भिक्षु संघ यतिजना, भिक्षुणी संघ यतिजना भनि गनेर ।
(६) भिक्षु संघ मात्र यतिजना भनि गनेर ।
(७) भिक्षुणी संघ मात्र यतिजना भनि गनेर ।

यति सात किसिमको संघलाई पनि दान दक्षिणा दिएको भै जाने यो पञ्चशीलको फल हो ।

यस्तै सात प्रकारको दानको फल भै जाने । फेरि यो लोक परलोक दुवै ठाउँमा पनि जहाँ जहाँ गयो उहाँ उहाँ आयु वृद्धि, यश वृद्धि, विद्या वृद्धि, सुख वृद्धि, धन जन सन्तान वृद्धि आदि

https://dhamma.digital

सात प्रकारको वृद्धि भै शान्त निर्वाण सम्पत्ति प्राप्त हुन सक्ने यो पञ्चशीलको फल हो। जस्तो आफ्नो छाँया जहाँ गए पनि साथै आउँछ त्यस्तै महा उत्तम अनन्त भएको फल प्राप्त हुने भै रहेको यो पञ्चशीलको फल हो।

यस्तो पञ्चशीललाई वास्ता नराखी पालन नगरी भिक्षुहरू नाम धारिमात्र भै गोत्रमात्र समाती काषाय वस्त्र धारणगरी दुःशील अधर्मि पापि भिक्षु भै बिबाह गरी परिवार बढाई गृहस्थ गरी रहने दुशील भिक्षुहरूलाई कलिकालमा मानिसहरूले त्यस्ता पञ्चशील नै नभएकोलाई दान दक्षिणा दिएर त्यस्कोफल अप्रमाण छ भनि शील सदाचार वास्ता नराखी दान दिने लिने दुबैको शील सदाचारको ज्ञान नजानी दुःखको मूल रागादिलाई समाति जुनसुकै बिषय लाई पनि संघको विषय भनि दान दक्षिणा दी रहेको लाई ( प्रतिपुद्गलिक ) व्यक्तिगत भै गएको दान दक्षिणा भनि धेरै फलदायक भन्नु होला ?

दान दक्षिणा दिनु लिनुको महिमा शुद्ध अशुद्ध दुईटाको नै फलहो।

जस्तै– १ ) दायकको तर्फबाट शुद्ध, ग्राहकको तर्फबाट अशुद्ध।
२ ) ग्राहकको तर्फबाट शुद्ध, दायकको तर्फबाट अशुद्ध ।
३ ) दाताको तर्फबाट अशुद्ध, ग्राहकको तर्फबाट पनि अशुद्ध।
४ ) दाताको तर्फबाट पनि शुद्ध, ग्राहकको तर्फबाट पनि शुद्ध।

यो चार प्रकारको दान दक्षिणाको मूललाई राम्रोसंग जानी राख्नु पर्छ।

कसोभने— दायक दान दिने दाता सदाचारी, धार्मिक,

https://dhamma.digital

शीलवान् शीलमा प्रतिष्ठितभै दिएको दान, ग्राहक दुशील पापात्मा अधर्मि भएपनि सो दान (दक्षिणा) दायक तर्फ बाट, शुद्धभै फल दायक नै हुन्छ ।

फेरि दान लिने ग्राहक, सदाचारी धार्मिक, शीलवान भए दायक दुशील पापात्मा अधर्मि भएपनि ग्राहक तर्फ शुद्धभै सोदान फल दायकनै हुन्छ ।

फेरि नदान दिने शुद्ध, नदान लिने शुद्ध, दुवै दुशील दुराचारी पापात्मा अधर्मि भए सोदान दक्षिणा कसरी शुद्धहोला ?

फेरि दातापनि दान लिने पनि शीलवान् धार्मिक सदाचारी कल्याणकारी पुण्यात्मा भएको दान दक्षिणा दुवैको तर्फबाट पनि सो दान शुद्ध निर्मल दान भएरनै जानेछ ।

त्यसकारण दुवैको शील सदाचारले धार्मिक धर्मात्मा भै कल्याणकारी कामहरू जति जति गरिन्छ उति उति सोकाम बाट उनलाई शुद्ध पवित्रात्मा भै जाने हो ।

यो सुशील दुशील कस्तो भने जस जसले शीललाई सँधै आचरण पालन गरी धार्मिक धर्मात्मा कल्याण कारीभै रहन्छ त्यसलाई नै सर्वत्र दुःख हरूले छोडि जाने हो ।

फेरि जस जसले दुशील दुराचारी, अधर्मी, पापात्मा भै रहन्छ त्यसलाई नै सर्वत्र दुःखहरू आई अहितकर भै रहने हो ।

जस्तो गाडा तान्ने बयलको खुट्टाको पछि पछि पाँग्रा आउने हो त्यस्तै दुःख कष्ट पनि पछिनै आई रहन्छ भनि जान्नु पर्छ ।

त्यस्तो भै रहने भएको हुनाले योलोक र परलोक दुवै ठाउँमा

https://dhamma.digital

कल्याण हुने दान शील भावनाविना अरू दुःख बाट बच्ने उपाय छैन। यसबाट अलग्ग अरू सबै मिथ्या आडम्बर हो, त्यसकारण भगवान् तथागत अर्हत् सम्यक्सम्बुद्धले सब भन्दा उच्च कोटिमा पुगिरहेको ज्ञानले (शील, समाधि, प्रज्ञा) तीन ओटालाई नै उपदेश गरी देखाई जानु भएको हो।

किन भने– शील पालन गर्नलाई न धन, सम्पत्ति, पैसा, सुन, चाँदिको सहायता चाहिन्छ, न देवता हरूको सहायता चाहिन्छ, न कोई राजा हरूको सहायता चाहिन्छ, न आमा, बाबु, दाज्यू भाई, स्त्री, पुत्र पुत्री हरूको सहायता चाहिन्छ, न यो शरीरको नै सहायता चाहिन्छ। कसैको सहायता बाट मुक्त नहुने जुन मोक्ष निर्वाण हो, भव दुःख बाट मुक्त गरी लान सक्ने, जुन अकुशल चित्तलाई दमन गर्न सक्ने, कुशल चित्तहो उनैको सहायता लिएर शील पालन गरी समाधि चित्त गराई प्रज्ञा ज्ञानलाई साक्षात्कार गरी रहनु पर्छ।

(१) भिक्षुले भिक्षुको धर्म पालन नगरे।
(२) ब्राह्मणले ब्राह्मणको धर्म पालन नगरे।
(३) राजाले राजाको धर्म पालन नगरे।
(४) उपासकले उपासकको धर्म पालन नगरे।
(५) गृहस्थिले गृहस्थका धर्म पालन नगरे।

संसारमा कर्म सुधार कसरि हुन सक्ला ?

https://dhamma.digital

# त्रिरत्न पूजा

## बुद्ध वन्दना

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

इतिपि सो भगवा अरहं सम्मा सम्बुद्धो विज्जा चरण सम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिस दम्म सारथि सत्था देवमनुस्सानं बुद्धो भगवा'ति ।

नमो तस्स सम्मा सम्बुद्धस्स ।

अर्थ-( इतिपि सो भगवा ) इत्यादि गुणले युक्त होइबक्सेको भगवान् ( अरहं ) कहिल्यै पनि गुप्तपाप नगर्ने, ब्रह्मादि देव, मनुष्यहरूले पूजा गर्न योग्य भै बक्सेको, राग, द्वेष, मोहलाई हरण गरी बक्सेको। ( सम्मा सम्बुद्धो ) दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य, दुःख निरोध गामिनि प्रतीपदा सत्य, यो चार आर्य सत्यलाई यथार्थ रूपले स्वयं बोध हुनु भै लोक जनहरूलाई पनि बोधगर्न सकी बक्सेको। ( विज्जा चरण सम्पन्नो ) पूर्व निवासानुस्मृति आदि तीन विद्या र इन्द्रिय संवरादि पन्ध्र आचरण धर्मले सम्पूर्ण होई

https://dhamma.digital

बक्सेको । (सुगतो) राम्रो मार्गमा गमनागमन गरी बक्सेको । उत्तम शान्त भएको निर्वाण पथमा गमन गरी बक्सेको । (लोक-विदू) सत्व आदि तीन लोकलाई यथार्थ रूपले जानी बक्सेको । (अनुत्तरो) शील, समाधि, प्रज्ञा गुणले उत्कृष्ट भै बक्सेको । ब्रह्मादि सकलसत्वहरू मध्ये श्रेष्ठ भै बक्सेको । (पुरीस, दम्म, सारथी) वेनेय्य पुरुषहरूलाई दमन गर्नुको निम्ति सारथी समान भै बक्सेको । (सत्था देव मनुस्सानम्) देव मनुष्यहरूलाई अनु-शासन गर्दै शास्ता आचार्य भै बक्सेको । (बुद्धो) अविद्यारूपी अन्धकारमा सर्व प्रथम ज्ञानरूपी प्रदीप जलाई बक्सेको, चतु-रार्य्य सत्यज्ञानलाई बोध भै बक्सेको । (भगवा) राग, द्वेष, मोहलाई निर्मूल गरी सान्सारिक दुःख बाट मुक्त भै बक्सेको, नानाप्रकारको धर्मादि भोग सम्पत्ति द्वारा भाग्यवान् भै बक्से-को । (नमो तस्स सम्मा सम्बुद्ध स्स) यस्ता यस्ता अनन्त गुण-हरूले युक्त भै बक्सेको वनी सम्यक्सम्बुद्ध भगवानलाई काय, वाक, चित्तले सादर नमस्कार ।

ये च बुद्धा अतीता च ये च बुद्धा अनागता ।
पच्चुप्पन्ना च ये बुद्धा अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु मे जय मङ्गलं ॥
उत्तमङ्गेन वन्देहं पादपंसु वरुत्तमं ।
बुद्धे यो खलितो दोसो बुद्धो खमतु तं ममं ॥

बुद्धं जीवित परियन्तं सरणं गच्छामि ।



https://dhamma.digital

अर्थ — जुन पहिले है बक्सेको बुद्धहरू हुन्, जुन पछि है बक्सने बुद्धहरू हुन्, जुन अहिले है बक्सेको बुद्धहरू हुन् उनी सकल बुद्धहरूलाई मैले सँधैंभरी बन्दना गर्छु ।

बुद्ध एक जना बाहिक अरूमलाई शरण छैन, यो सत्य बचनको प्रभावले मलाई जय मङ्गल हवस् ।

उनको चरण पैतालाको धूलोलाई पनि मैले श्रेष्ठोत्तम मम्भि शिरले बन्दना गर्छु, बुद्धभगवानको प्रति अज्ञान बस यदि मैले केहि अपराधगरी राखेको भए त्यसमा मलाई बुद्धभगवानले क्षमा गरी बक्सियोस् ।

जीवन भर ( म ) बुद्धको शरण जान्छु ।

---

## धर्म वन्दना

स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूही'ति ।

नमो तस्स निय्यानिकस्स धम्मस्स ।

अर्थ-( स्वाकखातो भगवता धम्मो ) राम्रोसंग पद ब्यञ्जन मिलाई देसना गरीराखेको उनि भगवानको धर्म हो । ( सन्दिट्ठिको ) शन्दृष्टिक याहाँको यहिनै फल दिने । ( अकालिको ) समय नबित्दैमा फल प्राप्तहुने अर्थात् तदनन्तरनै प्रत्यक्ष फलपाउने ( एहि पस्सिको ) यहाँ हेर्नआउ भनि सबैलाइ पनि बोलाई देखाउन योग्य भएको । ( ओपनयिको ) निर्बान तर्फनै पुर्याउन लैजाने । ( पच्चतं बेदितब्बो बिञ्ञूहि ) बिज्ञ पण्डित जनहरूले

https://dhamma.digital

आफ आफैले अनुभव गरी पत्ता लगाउनशक्ने उनको धर्म। (नमोतस्स नियानिकस्स धम्मस्स) यस्तो २ गुणले युक्तभएको निर्वाणमा पुर्‍याउन लैजाने त्यस धर्मलाई काय, वाक, चित्तले सादर नमस्कार गर्दछु।

ये च धम्मा अतीता च ये च धम्मा अनागता ।
पच्चुप्पन्ना च ये धम्मा अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु मे जय मङ्गलं ॥
उत्तमङ्गेन वन्देहं धम्मं च दुविधं वरं ।
धम्मे यो खलितो दोसो धम्मो खमतु तं ममं ॥

धम्मं जीवित परियन्तं सरणं गच्छामि ।

अर्थ- जुन अघि भएको (बुद्धको) धर्म हुन, जुन पछिहुने (बुद्धको) धर्म हुन्, जुन अहिले भएको (बुद्धको) धर्म हुन, त्यो सबै धर्मलाई मैले संधै भरी बन्दना गर्दछु।

बुद्धको धर्म बाहेक अरू मलाई शरण छैन, यो सत्य बचनको प्रभावले मलाई जय-मङ्गल हवस्।

दुई प्रकारले श्रेष्ठोत्तम भएको धर्मलाई पनि मैले शीरले बन्दनागर्दछु, धर्मको प्रति अज्ञान बश यदि मैले कुनै अपराध गरी राखेको भए त्यसमा मलाई धर्मले क्षमा गरी बक्सियोस्।

जीवनभर (म) धर्मको शरणमा जान्छु।

https://dhamma.digital

# सङ्घ वन्दना।

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिसयुगानि, अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

नमो तस्स अट्ठारिय पुग्गल महासंघस्स ।

अर्थ — (सुपटिपन्नो भगवतो सावक सङ्घो) राम्रोसंग धर्माचरण गरी बक्सने भगवान्को श्रावक सङ्घहरू। (उजुपटिपन्नो भगवतो सावक सङ्घो) सोझो धर्ममा जानु भएको भगवान्को श्रावक सङ्घहरू। (ञायपटिपन्नो भगवतो सावक सङ्घो) निर्वाण पद प्राप्त हुने मार्गमा जानु भएको भगवानको श्रावक संघहरू। (सामिची पटि पन्नो भगवतो सावक संघो) धर्ममा आदर राखी श्रद्धापूर्वक आचरण गरी जानु भएको भगवानको श्रावक संघ हरू। (यदिदं) ईनिहरूको भने। (चत्तारी पुरीस युगानि) श्रोतापत्ति मार्ग फल, सकृदागामि मार्ग फल, अनागामि मार्ग फल, अर्हत मार्ग फल भन्ने चारपद प्राप्तभैसकेको चार जोडा व्यक्तिहरु। (अट्ठपुरीस पुग्गला) आठजना पुद्गलहरू। (एसभगवतो सावक सङ्घो) यो चार जोडा पुरुष आठ जना पुद्गलहरू नै भगवान को श्रावक सङ्घहरु हो। (आहुनेय्यो) निमन्त्रण गर्न योग्य भैबक्सेको। (पाहुनेय्यो) सादर अतिथि मान गर्न योग्य भैबक्सेको।

https://dhamma.digital

(दक्खिणेय्यो) श्रद्धाराखि खाद्यादि नाना पदार्थ दानगर्न योग्य भैबक्सेको। (अञ्जली करणीयो) हात जोडी नमस्कार गर्न योग्य भैबक्सेको। (अनुत्तरं पुञ्ञक्खेतं लोकस्स) लोकजनहरूको पुण्य रूपि बिउ रोप्नलाई अत्यन्त उत्तम खेतसमान भैबक्सेको। (नमो तस्स अट्ठारिय पुग्गल महासङ्घस्स) यस्तो गुणले युक्त भैबक्सेको उनी आठ पुद्गल महान् सङ्घहरूलाई काय, वाक, चित्तले सादर नमस्कार।

ये च संघा अतीता च ये च संघा अनागता ।
पच्चुप्पन्ना च ये संघा अहं वन्दामि सब्बदा ॥
नत्थि मे सरणं अञ्ञं संघो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु मे जय मङ्गलं ॥
उत्तमङ्गेन वन्देहं संघं च तिविधुत्तमं ।
संघे यो खलितो दोसो संघो खमतु तं ममं ॥

संघं जीवित परियन्तं सरणं गच्छामि ।

अर्थ— जुन अघिभै आनुभएको संघहरू हुन, जुन् पछि हुने संघहरू हुन्, जुन अहिले हुनु भएको संघहरू हुन्. उनी सबै संघहरूलाई मैले काय, वाक, चित्तले सँधै भरी बन्दना गर्दछु।

संघहरू बाहिक अरू मलाई शरण छैन, यो सत्य वचनको प्रभावले मलाई जय-मङ्गल होस्।

तीन प्रकारले श्रेष्ठोत्तम भैबक्सेको संघहरूलाई पनि मैले शीरले बन्दना गर्दछु, संघको उपर अज्ञान वश यदि मैलेकेहि अपराध

https://dhamma.digital

## क्षमा-याचना

कायेन वाचा चित्तेन पमादेन मया कतं ।
अच्चयं खम मे भन्ते भूरि पञ्ञ तथागत ॥

अर्थ—भन्ते ! मैले शरीर, वचन, मनद्वारा भूलमाफरी गरी राखेको अपराधलाई प्रज्ञावान् भै बक्सेको तथागतले मलाई क्षमा गरी बक्सियोस् ।

## प्रार्थना

इमाय बुद्ध पूजाय कताय सुद्ध चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा ॥

अर्थ—शुद्ध चित्तले गरेको यो बुद्धपूजा द्वारा लाभ भएको पुण्यको प्रभावले सबै तथागतको सद्धर्म चिरस्थाई हवोस्, सबै सत्वहरु सुखी हवोस् ।

इमाय बुद्ध पूजाय यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा सब्बेपि तुट्ठ मानसा ॥

अथ— यो बुद्धपूजा गरेको द्वारा जति पुण्य मलाई लाभ भएको, त्यो सबै पुण्य देखी सबै सत्वहरू सन्तोष भै अनुमोदन (प्रसन्न) गर ।

पूरेत्वा दान सीलादि सब्बापि दसपारमी ।
पत्वा यत्थिच्छितं बोधिं फुसन्तु अमतं पदं ॥

https://dhamma.digital

## व्यञ्जन—पूजा

अधिवासेतु नो भन्ते ! व्यञ्जनं उपनामितं ।
अनुकम्पं उपादाय पटिग्गण्हातु मुत्तमं ॥

अर्थ— भन्ते ! तपाईंलाई योग्य, उत्तम भएको यो व्यञ्जन (मैले) चढाएँ । मेरो उपरमा अनुकम्पा दया राखी ग्रहण गरी बक्सियोस् ।

## फल—मूल—पूजा

अधिवासेतु नो भन्ते ! खज्जकं उपनामितं ।
अनुकम्पं उपादाय पटिग्गण्हातु मुत्तमं ॥

अर्थ— भन्ते ! तपाईंलाई योग्य, उत्तम भएको यो फल मूल (मैले) चढाएँ । मेरो उपरमा अनुकम्पा दया राखी ग्रहण गरी बक्सियोस् ।

Dhamma.Digital

## त्रिचैत्य—वन्दना

वन्दामि चेतियं सब्बं सब्बठानेसु पटिट्ठितं ।
सारीरिक धातु महाबोधिं बुद्धरूपं सकलं सदा ॥

अर्थ-सारा ठाउँमा प्रतिस्थापित भै रहेको सबै चैत्य फेरि भगवान बुद्धको शरीरको अस्थि, महाबोधि वृक्ष आदि सबै बुद्ध प्रतिमा (मैले) बन्दनागर्दछु ।

https://dhamma.digital

## धूप—पूजा

गन्ध सम्भार युत्तेन धूपेनाहं सुगन्धिना ।
पूजये पूजनेय्यानं पूजा भाजनमुत्तमं ॥

अर्थ— गन्ध सम्भारले युक्त भएको यो सुगन्ध धूप द्वारा पूजागर्न योग्यभै बक्सेको सर्व श्रेष्ट पूजनीय बुद्ध भगवानलाई (मैले) पूजा गर्छु ।

## प्रदीप—पूजा

घन सारप्पदित्तेन दीपेन तम धंसिना ।
तिलोक दीपं सम्बुद्धं पूजयामि तमोनुदं ॥

अर्थ-तीन लोकमा पनि ज्ञानरूपी दीप द्वारा प्रकाश गरी बक्सेको भगवान बुद्धलाई यो अन्धकार बिनाश गर्ने प्रदीपद्वारा (मैले) पूजा गर्छु ।

## भोजन—पूजा

अधिवासेतु नो भन्ते ! भोजनं उपनामितं ।
अनुकम्पं उपादाय पटिग्गण्हातु मुत्तमं ॥

अर्थ— भन्ते ! तपाईंलाई योग्य, उत्तम भएको यो भोजन (मैले) चढाएँ ! मेरो उपरमा अनुकम्पा दया राखी ग्रहण गरी बक्सियोस् ।

https://dhamma.digital

गरी राखेको भए त्यसमा मलाई संघले क्षमा गरी बक्सियोस्।

जीवन भर ( म ) संघको शरण जान्छु।

## नीर—पूजा

अधिवासेतु नो भन्ते ! पानीयं उपनामितं ।
अनुकम्पं उपादाय पटिगण्हातु मुत्तमं ॥

अर्थ—भन्ते! तपाईंलाई योग्य, परिशुद्ध भएको पानी ( मैले ) चढाएँ । मेरा उपरमा अनुकम्पा दयाराखी ग्रहणगरी बक्सियोस् ।

## पुष्प—पूजा

वण्ण गन्ध गुणोपेतं एतं कुसुम सन्ततिं ।
पूजयामि मुनिन्दस्स सिरीपाद सरोरुहे ॥
पूजेमि बुद्धं कुसुमेन नेन पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुप्फं मिलायाति यथा इदम्मे कायो तथायाति विनास भावं ॥

अर्थ— सुन्दर वर्ण भएको तथा सुगन्धयुक्त भएको योफूल तथागत श्रीमुनीन्द्रको श्रीचरणमा ( मैले ) पूजागर्छु ।

योफूल द्वारा (मैले बुद्धलाई पूजा गर्छु योपुण्यको फलले मलाई मोक्ष लाभ हवस् ।

जस्तो योफूल मलीनभै सुकेर जानेछो, यस्तैनै यो मेरो शरीर पनि बिनास भएर जान्छ ।

https://dhamma.digital

अर्थ— दान शीलादि दशपारमिता धर्म सबै पूरागरी आफ्नो इच्छानुसारले उत्तम भएको बोधि प्राप्तगरी अमृत महानिर्वाण सुख अनुभव गर्न सकोस् ।

इमाय धम्मानु धम्म पटिपत्तिया बुद्धं पूजेमि ।

अर्थ— योधर्मानुकूल भएको धर्माचरण द्वारा बुद्धभगवान् लाई पूजागर्छु ।

इमाय धम्मानु धम्म पटिपत्तिया धम्मं पूजेमि ।

अर्थ— यो धर्मानुकूल भएको धर्म आचरण द्वारा धर्मलाई पूजागर्छु ।

इमाय धम्मानु धम्म पटिपत्तिया संघं पूजेमि ।

अर्थ— योधर्मानुकूल भएको धर्माचरण द्वारा संघलाई पूजागर्छु ।

अद्धा इमाय पटिपत्तिया जाति जरा व्याधि मरणम्हा परिमुच्चिस्सामि ।

अर्थ— योमेरो आचरण द्वारा अवश्य मलाई जन्म, जरा, व्याधि मरण बाट छुटेर जान्छ ।

इमिना पुञ्ञ कम्मेन मा मे बाल समागमो ।
सतं समागमो होतु यावन्निब्बाण पत्तिया ॥

अर्थ— योपुण्यको प्रभावले मलाई मूर्ख हरूसंग वास गर्नु नपरोस् निर्वाण नपुगे सम्म मलाई सत्पुरुषहरू संग वास गर्नपावोस् ।

https://dhamma.digital

इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।
इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।
इदम्मे पुञ्ञं सब्बेसत्ता अनुमो दन्तु ।

यो पुण्यको प्रभावले मेरो आश्रव क्षय हवोस् ।
यो पुण्यको प्रभावले म निर्बाणमा पुगोस् ।
यो पुण्य लाई सबै सत्वहरूले अनुमोदन गरोस् ।

साधु ! साधु !! साधु !!!

---

## ज्ञातिहरूलाई पुण्यदान

इदं मे ञातिनं होन्तु सुखिता होन्तु ञातयो ।

अर्थ— यो मलाई प्राप्तभएको पुण्य मेरो ज्ञातिहरूलाई प्राप्तभै उनीहरू सबै सुखी हवोस् ।

( तीन पटक भन्ने )

एत्तावता च अम्हेहि सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया ॥

अर्थ— अहिले सम्म हामिले जतिपुण्य सम्पत्ति लाभगरेको हो, सोपुण्य सम्पत्तिलाई सर्व प्रकारको सम्पत्ति सिद्धगर्ने ईच्छा गरी रहने सबै देवताहरूले अनुमोदना गर ।

साधु ! साधु !! साधु !!!

https://dhamma.digital

दोस्रो पटकमा भन्दा "सब्बेदेवा" भनि अन्यठाउँमा सब्बे सत्ता भनि पढने। तेस्रो पटकमा भन्दा त्यहिठाउँमा 'सब्बे-भूता' पनि पढने।

दोस्रो पटकको अर्थ सबै देवताहरूले भन्ने ठाउँमा सबै सत्वहरूले भन्ने अर्थ हुन्छ। तेस्रो पटकको अर्थ सबै भूतहरूले भन्ने अर्थ हुन्छ।

'त्रिरत्न बन्दना, पूजा, पुण्यानुमोदना समाप्त भयो।

---

# धर्म चक्र प्रवर्तन सूत्र

## नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

### उनी भगवान् अर्हत सम्यक्संबुद्धलाई नमस्कार

१– चार सत्यप्रकास गरी लोकको नाथ भै बक्सेको तथागत लाइ, सहम्पति भन्ने माहा ब्रह्माले "धर्म देशना गरी बकसनु हवस्" भनि याचना गरे पछि, ऋषिपत्तन भन्ने मृगदावनमा पञ्च वर्गीय भिक्षुहरुलाई निर्वाणमा पुऱ्याउने उत्तम धर्न भै रहेको धर्म चक्रलाई देशना गरी बक्सियो। अतएव भो सत्पुरुषजनहो! सबै लौकिक र लोकोत्तर सम्पत्ति सिद्धहुने यस धर्म चक्र देशनालाई सबै लोकहरूलाई हित गर्नुको निम्ति हामि हरूले पाठ गर्न लाग्ये ( राम्रो गरी सुन )।

२–(भन्ते काश्यप) मैले यसधर्म चक्र प्रवर्तन सूत्र, भगवान

https://dhamma.digital

संग सुनी धारण गरी राखेको हो। एकसमयमा भगवान बुद्ध वाराणशी देशमा ऋषिपतन भन्ने मृगदावनमा वासगर्नु भएको थियो। त्यहाँने भगवानले पञ्चवर्गी भिक्षु हरुलाई सम्बोधन गरी बोलाउनु भयो।

३– हे भिक्षु गणहो! संसार त्यागगरी प्रव्रज्य ग्रहण गरीरहने प्रव्रजितले योदुई अन्त (तुप्पा) सेवन गर्नु अयोग्य। त्योदुई अन्त केके भने– विषय वासनामा लिप्त भै रहने र पाँच काम गुणलाई अत्यन्त सेवन तथा कामा सुखमा लागि रहने। यो एउटा अन्तभयो। यो अन्तहीन भएको ग्राम्य भएको फेरी सांसारिक लोकहरूले सेवन गर्ने र आर्यहरूले सेवन नगर्ने अनार्य, अनर्थ हुनेहो। शरीर लाई अत्यन्त कष्ट र दुःखदिने (आत्मकील मथानुयोग) यो दोस्रो अन्त भयो। यो पनि अनार्य्य, अर्थलाभ नहुने अनर्थ मात्र हुनेहो। हेभिक्षुगणहो! दुई अन्तलाई छोडी तथागतले मध्यम मार्ग (बिचका बाटो) को ज्ञान प्राप्तगरी जिनुभयो। यो मार्गले दिव्य चक्षु र तथागत ज्ञान प्राप्त गराउँछ। हेभिक्षुगणहो! त्यो मध्यम माग जुनहो। जसको अवबोध तथागत बुद्धले गर्नुभयो। जसबाट दिव्य चक्षु र ज्ञान प्राप्त हुन्छ, फेरि क्लेष शान्त भई लोकोत्तर ज्ञान, बुद्धत्व र निर्वाण प्राप्तहुन्छ, यही आर्य सत्य अष्टांगिक मार्गहो यथा–

४–सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि। हेभिक्षुगणहो! यहीहो तथागतले अवबोध गरी जिनुभएको मध्यम प्रतिपदा आर्य अष्टांगिक मार्ग ज्ञानहुने,

https://dhamma.digital

चक्षु हुने, क्लेशनास गरी पठाउने, चार सत्यलाई विशेष रूपले बुझ्नेलिन सक्ने निर्वाण साक्षात्कार गरी लिने ।

५– हे भिक्षुगणहो ! जन्महुने, बुढाहुने रोगहुने, मरणहुने, मन नपर्नेसंग बस्नुपर्ने, मन पर्नेसंग बिछोड हुने, ईच्छित बस्तु लाभ नहुने, यो सबै दुःख सत्यनै हो। संक्षेपमा भन्योभने रूप, बेदना, संज्ञा, संस्कार, बिज्ञान, उपादान स्कन्धनै दुःख हो। यो दुःख आर्य्य सत्य भयो।

६– हे भिक्षुगणहो ! दुःख समुदय अर्थात् दुःखको हेतु कारण दुःख समुदय आर्य्य सत्यभयो । कसोभने– जुन् यो पुनर्जन्म हुने तृष्णा, अत्यन्त आशालिने तृष्णा, त्यही भवमा आनन्दित भै रहने तृष्णा, यथा–काम तृष्णा ( बिषयादि काम सेवा गर्ने तृष्णा ) भवतृष्णा ( साश्वत दृष्टिको तृष्णा ) विभव तृष्णा ( उच्छेद दृष्टिको तृष्णा )।

७– हे भिक्षुगणहो ! यो दुःख निरोध आर्य्य सत्यहो। यथा–जुन् यो कामादि तृष्णाको बिनास, बिराग, निरोध, प्रति निःसर्ग मुक्ति अनालय ।

८– हे भिक्षुगणहो ! दुःख निरोध गामिनि प्रतिपदा आर्य्यसत्य यही आर्य्य अष्टाङ्गिक मार्ग हो। यथा–सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् बाक्य, सम्यक् कर्मान्त सम्यकाजीवीका, सम्यक् व्यायाम सम्यक स्मृति, सम्यक समाधि ।

९– हे भिक्षुगणहो ! यो दुःख आर्य्य सत्य हो, भनि मैले यस भन्दा अघि बुद्ध नहुंदा खेरि सुन्न नपाएको ( नसुनेको ) हो. अब मलाई यस बिषयमा धर्म चक्षु, ज्ञान, प्रज्ञा, बिद्या र

https://dhamma.digital

आलोक प्राप्तभयो। हे भिक्षुगणहो! त्यो जुन दुःख आर्य्यसत्य लाई परिज्ञेय बुझ्नुजिनु यस भन्दा अधि बुद्धनहुँदा खेरि मैले सुन्न पाएको थिएन; अब मलाई यस विषयमा धर्म, चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो। हे भिक्षुगणहो! त्यो जुन दुःख आर्य्य सत्यलाई परिज्ञातं (बुझिलीसके) भनी यस भन्दा अघि बुद्ध नहुंदा खेरि सुन्न पाएको थिएन। अब मलाई यस विषयमा धर्म. चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो।

१०– हे भिक्षुगणहो! यो दुःख समुदय आर्य्य सत्यहो भनि योभन्दा अधि बुद्ध नहुंदा खेरि मैले सुन्न नपाएको हो. अब मलाई यस विषयमा धर्म, चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो। हे भिक्षुगणहो! त्यो जुन दुःख समुदय आर्य सत्य लाई निरोध गर्नु पर्छ अर्थात् परित्याग गर्नु पर्छ भनी यसभन्दा अघि बुद्ध नहुंदा खेरि सुन्न नपाएको हो, अब मलाई यस विषयमा धर्म, चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो। हे भिक्षुगणहो! त्यो दुःख समुदय आर्य्य सत्यलाई निरोध गरी अर्थात् परित्याग गरीसकें भनी यसभन्दा अघि बुद्ध नहुंदा खेरि मैले सुन्न नपाएको हो, अबमलाई यस विषयमा धर्म चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो।

११–हेभिक्षुगणहो! यो दुःख निरोध आर्य सत्यहो भनी यसभन्दा अधि बुद्ध नहुंदा खेरि मैले सुन्न नपाएकोहो, अबमलाई यसविषयमा धर्म चक्षु, ज्ञान प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो। हेभिक्षुगणहो! यो दुःख निरोध आर्य्यसत्य निर्वाणलाई प्रत्यक्ष गरी लिनुपर्छ भनि यसभन्दा अधि बुद्ध नहुंदा खेरि मैले सुन्न

https://dhamma.digital

नपाएको हो, अबमलाई यस विषयमा धर्मचक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो । हे भिक्षुगणहो ! यो दुःख निरोध आर्य्य सत्यलाई प्रत्यक्ष गरी सकिसकें भनी यसभन्दा अघि बुद्ध नहुंदा खेरि मैले सुन्न नपाएको हो, अबमलाई यस विषयमा धर्मचक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो ।

१२– हे भिक्षुगणहो ! सर्वज्ञ बुद्ध नहुंदा खेरी मैले सुनेको थिएन कि यो आर्य्य अष्टांगिक मार्ग दुःख निरोध गामिनी प्रतिपदा आर्य्यसत्यहो भनी । अबमलाई यस विषयमा धर्म चक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो । हे भिक्षु गणहो ! सम्यक सम्बुद्धत्व प्राप्त नहुंदा खेरी मैले सुन्न पाएको थिएन कि यो दुःखनिरोध गामिनी प्रतिपदा आर्य्य सत्य भावना गर्नु पर्छ भनेर । अबमलाई यस विषयमा धर्मचक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो । हे भिक्षुगणहो ! सम्यक सम्बुद्धत्व प्राप्त नहुंदा खेरि मैले सुनेको थिएन कि यो दुःख निरोध गामिनी प्रतिपदा आर्य्य सत्य भावना गरीसकें अर्थात् अभ्यास गरीसकें भनी । अबमलाई यस विषयमा धर्मचक्षु, ज्ञान, प्रज्ञा, विद्या र आलोक उत्पन्न भयो ।

१३– हे भिक्षुगणहो ! जबसम्म मलाई यो चार आर्य्य सत्यको विषयमा तीन दोबर (त्रिपाबट्ट) बहु आकारले यथार्थ ज्ञान, दर्शन परिशुद्ध भएको थिएन, तब सम्म । हे भिक्षुगणहो ! मैले देवताहरू सहित ब्रह्माहरू सहितको लोकमा फेरि श्रमण, ब्राह्मण, राजा, मनुष्यहरू सहित भएको यो प्रजालोकमा अनुत्तर सम्यक् सम्बोधि ज्ञान, साक्षात् गरी सकें भनि भनेन । हे भिक्षुगणहो ! जैले देखि मलाई यो चार आर्य्य सत्यको विषयमा तीन दोबर

https://dhamma.digital

(१२) बाह्र आकारले यथार्थ ज्ञान दर्शन परिशुद्धभयो। त्यस बेला देखी हे भिक्षु गणहो ! मैले देव सहित, मार सहित, ब्रह्म-लोकमा फेरि श्रमण, ब्राह्मण, राजाहरू समेत मनुष्यहरू सहित भएको यो प्रजालोकमा अनुत्तर सम्यक् सम्बोधिको ज्ञान साक्षात् गरीसकें भनी घोषणा गरें। हे भिक्षु गणहो ! मलाई ज्ञान दर्शन पनि उत्पन्न भयो, मेरो चित्तपनि बिमुक्त भयो, यही मेरो अन्तिम जन्म भयो। यसभन्दा उता फेरि मेरो पुनर्जन्म सकियो। यति भगवानले आज्ञा भै बक्से पछी पञ्च वर्गी भिक्षु हरूले भगवान को भाषणलाई अभिनन्दन गऱ्यो।

१४– यो वैय्याकरण (धर्म व्याख्या) गरिबक्सेको बखतमा आयुष्मान कौण्डण्यलाई निर्मल, परिशुद्ध, धर्मचक्षु उत्पन्न भयो– उत्पन्न भै रहेको जुनसुकै पदार्थ पनि नास भै जानेहो।

१५– यसप्रकारले भगवान बुद्धले सर्वभन्दा श्रेष्ठ भै रहेको धर्मचक्र घुमाई बक्सेको बखतमा भूमीमा रहेका देवताहरूले एकै श्वरले यस्तो घोषणा गऱ्यो। हेदेबगणहो ! भगवान बुद्धले बाराणशी समीपमा ऋषिपतन मृगदाबनमा अत्यन्त श्रेष्ठभएको धर्मचक्रको उपदेश गरीबक्स्यो। जुन धर्मचक्रलाई यसलोकमा रहेका नकोई श्रमणले, नकोई ब्राम्हणले, नकोई देबताले, नको ई मारले फेरि नकोई ब्रह्माले घुमाउन सक्ना। ”

१६– भूमीमा रहे का देबता हरूको शब्दसुनी चातुर्माहाराजिक देवताहरूले (अघि जस्तै एक श्वरले घोषणा गऱ्यो) चातुर्माहाराजीक देवताहरूको शब्दसुनी त्रायत्रींस देवताहरूले, यामा देवताहरूले,

https://dhamma.digital

सुषिता देवताहरूले, निर्माणरती देवताहरूले, परनीर्मितवसवर्ति देवताहरूले, ब्रह्मकायिक देवताहरूले ( एकै स्वरले ) घोषणा गऱ्यो। यसप्रकारले बुद्ध भगवानले सबैभन्दा श्रेष्ठ भै रहेको धर्मकोचक्र घुमाउनु भयो अर्थात् धर्मचक्र सूत्र देशना गर्नु भयो। यो धर्म चक्रलाई कोईपनि श्रमण, ब्राह्मण, देवता, मार र ब्रह्माहरूले घुमाई घुमाउन सक्नेहोईन।

१७– अनि उही क्षणमा, उही पलक भरमा, उही मुहुर्तमा त्यो शब्द ब्रम्हलोक सम्मपनि फैलिई माथि पुग्न गयो। त्यो दशहजार लोक धातु भएको चक्रवाल कम्प भयो, अत्यन्त चर्कोगरी कम्प भयो। देवताहरूको दिब्यानुभावले नभेटाउने अप्रमाण भएको रश्मि पनि लोकमा प्रकाश भयो।

१८– अनि भगवानले यस्तो उदान ( प्रीति वाक्य ) प्रकाश गरी बक्सियो " अञ्ञासिवत भो कोण्डञ्ञो, अर्थात् भोकौण्डन्य तिमीले निश्चयले नै बुझीलियौ। यति यो कारणले आयुष्मान् कौण्डन्यको नाम " अञ्ञासि कोण्डञ्ञो " नै भयो।

१६–अनि त्यो सत्य धर्म लाई देखि सक्नेको, चतुरार्य्य सत्य धर्ममा राम्रो गरी पुगी सक्नेको, चतुरार्य्य सत्य धर्मलाई राम्रो संग बुझी सक्नेको, चतुरार्य्य सत्य धर्मलाई ज्ञानले राम्रोसंग बलियोगरी समाति ली सक्नेको, होलाकि, होवो ईन " भन्ने संका रहित भै सकेको तथागतको शासनमा शूरवीर भएको अरूको वि-श्वास नगर्ने आयुष्मान् अञ्ञासि कोण्डञ्ञ भिक्षु ले तथागतसंग यसरी प्रार्थना गऱ्यो– भो भगवान मलाई तथागतको समीपमा प्रवज्याप्राप्त हुन पऱ्यो, उपसम्पदा प्राप्त हुनुपऱ्यो।

https://dhamma.digital

२०- " एहि भिक्खु " ( यहाँ आउ भिक्षु ) भनि भगवानले ( हात खोम्को गरी पसारी ) आज्ञा गर्नु भयो, धर्मलाई मैले राम्रो संग देशना गरी सके, संसारीक दुःख अन्त गर्नलाई राम्रोसंग ब्रह्मचर्य पालन गर। यही वाक्यले उनी आयुष्मान कौण्डण्यको उपसम्पदा ( दिक्षा ) भएको भयो।

धर्मचक्र प्रवर्तन सूत्रको भावार्थ समाप्त भयो।

सिद्धिरस्तु।

Dhamma.Digital

https://dhamma.digital

## यो पुस्तक छापनलाई चन्दादिने दाताहरु–

| | |
|---|---|
| भिक्षु धर्मालोक | २०८। |
| साहु जगतरत्न तंवाछि | १००। |
| बिपशेना अनागारिक प्रामणी | १७।५० |
| हेराकाजि भिम्फेवी | १०। |
| साहु हर्षरत्न असं टोल | १८।७५ |
| दिलवीर शाक्य | ५। |
| पूर्णमान् महाजुव | १०। |
| साहु केशरत्न घाबासिको | १०। |
| पुतली दुगंबही | ५। |
| कृष्णलक्ष्मी तत्रपावि | ५। |
| ५ ।- रू देवी मुनि ३२ जवानको | |
| चन्दा जम्मा मो. रु. | ३५।४५ |
| जम्मा | ४२५।७० |

| | |
|---|---|
| २० × ३० साइज कागत रीम १ को दर ४२। ले | |
| ५॥ रीमको भ. व्या. स्मेत् | २३१।५० |
| जिल्ला कागत रीम १को दर ६०। ले ॥ को | ३०।– |
| छपाई चार्ज– २ हजार प्रति फर्मा १ को | |
| दर ४५। ले २॥। फर्मा को | १२३।७५ |
| जिल्ला २ हजार प्रतिको | १२।– |
| प., सि, क. २॥। फर्मा २ हजारको | २७।५० |
| यो पुस्तक २००० को खर्च जम्मा मो. रु. | ४२४।७५ |

जगत्मा शान्ति गर्नु चाहिंछ भने

पञ्चशील पालन गर्नु ।

https://dhamma.digital